बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:०८२।८३

चलानी नं.: ४८०४२

मितिः २०८३/०३/०८

श्री सम्बन्धित विद्यालय (सबै)

बाणगङ्गा नगरपालिका, कपिलवस्तु ।

विषयः विद्यालय समायोजन गरिएको सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा शैक्षिक वर्ष २०८२ को विद्यार्थी विवरण र २०८३ को प्रारम्भिक विद्यार्थी विवरण, IEMIS मा प्रविष्ट विद्यार्थी संख्या तथा स्थलगत अनुगमनका आधारमा प्राप्त तथ्याङ्क बमोजिम सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ तथा विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यान्वयन कार्यविधि २०७७ अनुसार न्यूनतम विद्यार्थी संख्या नपुगेको र विद्यालयको स्तर वृद्धिका लागि आवश्यक विद्यार्थी सङ्ख्या, भौतिक अवस्था र समुदायबाट पर्याप्त सहयोग प्राप्त हुन नसकी विद्यार्थी, शिक्षक तथा विद्यालयहरुबीच प्रतिस्पर्धात्मकता सिर्जना हुन नसकेका देहायका विद्यालय तथा बालविकास केन्द्रहरु नगर कार्यपालिकाको मिति २०८३/०२/२५ गतेको निर्णयानुसार समायोजन गरिएको वेहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ। साथै समुदायमा आधारित बालविकास केन्द्रहरुले तोकिएको विद्यालयको मातहत रहने गरी बालविकास केन्द्र समुदायमा सञ्चालन तथा व्यवस्थापन गर्नुहुन समेत अवगत गराइन्छ ।

तपसिलः

| क्र.सं | समायोजन हुने विद्यालयको नाम | सञ्चालित कक्षा/तह | समायोजन गरिएको तह/कक्षा | कायम हुने तह | समायोजन भई एकीकरण हुने विद्यालय |
|---|---|---|---|---|---|
| १ | श्री शारदा आधारभूत विद्यालय, बाणगङ्गा-१०, मझौवा, कपिलवस्तु | ECD देखी कक्षा ३ | कक्षा १-३ | प्रारम्भिक बालविकास तह (ECD) | श्री आदर्श आ.वि, बाणगङ्गा-११ भट्ठीहवा |
| २ | श्री कोठिनदी आ.वि,गोगापुर, बाणगङ्गा-१०, कपिलवस्तु | ECD देखी कक्षा ३ | कक्षाः १-३ | प्रारम्भिक बालविकास तह (ECD) | श्री सरस्वती आ.वि, बाणगङ्गा-१०, बनगवा |
| ३ | श्री गौतम बुद्ध आ.वि, वाणगङ्गा-०९, कुसुमडाँडा, कपिलवस्तु | ECD देखी कक्षा ५ | कक्षा ४-५ | प्रारम्भिक बालविकास तह (ECD) देखी कक्षा ३ | |
| ५ | श्री अन्तर्राष्ट्रिय युवा वर्ष आ.वि, बाणगङ्गा न.पा-०५, सिमलखोर | ECD देखी कक्षा ५ | कक्षा ४-५ | प्रारम्भिक बालविकास तह (ECD) देखी कक्षा ३ | |

भक्तिराम मरासिनी

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:०८२।८३
चलानी नं.:

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | श्री बाल आ.वि, बाणगङ्गा-१०, बनकट्टा | कक्षा १ देखी ५ | कक्षा ४-५ | कक्षा १-३ | |
| ७ | श्री दुर्गा भवानी आ.वि, बाणगङ्गा-०३, कर्महना | ECD देखी कक्षा ८ | कक्षा ६-८ | ECD देखी कक्षा ५ | |
| ८ | श्री शान्ती आ.वि, बाणगङ्गा-०४, डुङ्गहवा | ECD देखी कक्षा ८ | कक्षा ६-८ | ECD देखी कक्षा ५ | |
| ९ | श्री जनसहयोग आ.वि, बाणगङ्गा-११, मैनहरा | ECD | समायोजन | ECD सहित पूर्ण समायोजन | श्री सरस्वती आ.वि, बाणगङ्गा-०३, ठाँटीमा समायोजन |
| १० | श्री मधौलिया बालविकास केन्द्र, बाणगङ्गा-०५ मधौलिया | ECD | | समायोजन | श्री मा.वि झण्डा, बाणगङ्गा-०५, मधौली |
| ११ | श्री बोलबमधाम बालविकास केन्द्र, बाणगङ्गा-०६, लक्ष्मणघाट | ECD | | समायोजन | श्री लक्ष्मणघाट मा.वि, बाणगङ्गा-०६, लक्ष्मणघाट |
| १२ | श्री सुपादेउराली बालविकास केन्द्र, बाणगङ्गा-०७, मोतिपुर | ECD | | समायोजन | श्री जनज्योती मा.वि, बाणगङ्गा-०७, मोतिपुर |
| १३ | श्री जलेश्वर बालविकास केन्द्र, , बाणगङ्गा-०८, बालापुर | ECD | | समायोजन | श्री बाणगङ्गा मा.वि, बाणगङ्गा-०८, लौगाई |
| १४ | श्री सानाकिसान बालविकास केन्द्र, , बाणगङ्गा-०९, भरतापुर | ECD | | समायोजन | श्री भर्तापुर आ.वि,बाणगङ्गा-०९ भर्तापुर |

मतिराम मसाँसिनी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाणगङ्गा, कपिलवस्तु
## लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:०८२।८३
चलानी नं.:

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | श्री नमुना बालविकास केन्द्र, बाणगङ्गा-०९, भलवाड | ECD | | समायोजन | श्री शुद्धोदन जनजीवन मा.वि, बाणगङ्गा-०९,जिनुवा |
| १६ | श्री कोटिहवा बालविकास केन्द्र, , बाणगङ्गा-०९, बर्दहवा | ECD | | समायोजन | श्री बाल कल्याण आ.वि, बाणगङ्गा-०९, बर्दहवा |
| १७ | श्री चौधरी बालविकास केन्द्र, , बाणगङ्गा-१०, सानोठेकइ | ECD | | समायोजन | श्री कामता मा.वि, बाणगङ्गा-१०,करैलिया |

- विद्यालयको भौतिक सम्पत्ति समायोजनपछि एकीकरण हुने विद्यालयले आवश्यकतानुसार प्रारम्भिक बालविकास सहितका प्रारम्भिक कक्षा सञ्चालन, कक्षा सञ्चालन, पुस्तकालय, प्रयोगशाला, खेलमैदान, छात्रावास, विद्यालयको प्रशासनिक कार्यसञ्चालन जस्ता कार्यमा उपयोग गर्ने गरी भोगचलन गर्ने व्यवस्था मिलाउनुपर्नेछ।
- समायोजन भएका विद्यालयको शिक्षक दरबन्दी नगरपालिकाको पुल दरबन्दीमा राखिनेछ र आवश्यकता अनुसार तहगत रुपमा विद्यार्थी संख्या बढी र शिक्षक संख्या कम भएका तोकिए बमोजिमको शिक्षक विद्यार्थी अनुपात तथा विषयगत शिक्षकको उपलब्धताको आधारमा सामुदायिक विद्यालयमा शिक्षक व्यवस्थापन गरिनेछ ।
- समायोजन भएका विद्यालयहरुले आफ्नो चल सम्पत्ति, विद्यालय संचालन तथा व्यवस्थापन सम्बन्धी कागजात, विद्यार्थी अभिलेख तथा अन्य कागजात तथा सामाग्रीहरु समायोजन भइ एकिकरण भएको विद्यालयलाई हस्तान्तरण गर्नुपर्ने छ।
- समायोजन भएको विद्यालयले IEMIS प्रणालीमा रहेका विद्यार्थीहरुलाई समायोजन भइ एकिकरण भएको विद्यालयमा र शिक्षकहरुको हकमा सरुवा पदस्थापन भएको विद्यालयमा स्थानान्तरण गर्नुपर्नेछ ।
- समायोजन भएका तथा समायोजन भई एकीकरण भएका दुबै विद्यालयले मिति २०८३/०३/१५ गते भित्र विद्यालय समायोजन सम्बन्धमा आवश्यक कार्य गरी सोको जानकारी अनिवार्य रुपमा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा दिनुपर्नेछ ।
- साथै अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

बोधार्थ:
श्री सूचना तथा प्रविधि शाखा: Website मा Upload गरिदिनुहुन ।

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner